# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली मंसिर ०६ गते सोमवार, २०७८ साल, (संख्या ०७)


भाग -३

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

<u>प्रस्तावना:</u> गौरीगङ्गा नगरपालिकामा रहेका लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरूलाई तत्काल उद्धार, औषधी उपचार पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउन तथा लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ को नियम ३(ख) लाई कार्यान्वयन गर्नको लागि गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८ जारी गरिएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२. परिभाषा:</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिका कार्यालय सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले नियम ३ बमोजिमका लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ।

गौरीगंगा राजपत्र

ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवन लिङ्गको आधारमा कसैप्रति शारीरिक मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य पीडाजन्य वा धम्कीपूर्ण व्यवहार दबाब वा स्वेच्छाचारी रूपमा स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च) "सञ्चालक समिति " भन्नाले नियम ७ बमोजिमका कोष सञ्चालक समिति सम्झनु पर्छ।

<u>३. कोषको स्थापना:</u> (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्।

क) सङ्घीय वा प्रदेश सरकारबाट प्राप्त रकम,

ख) व्यक्ति, सङ्घ संस्थाबाट प्राप्त रकम,

ग) नगर कार्यपालिकाबाट विनियोजित रकम,

घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

३) उपनियम १ बमोजिमको रकम बैङ्कमा छुट्टै खाता खोली जमा गरिनेछ ।

४) कोषको खाताका सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

<u>४. कोषको उपयोग:</u> १) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ:-

क) तत्काल उद्धार गर्न,

ख) औषधी उपचार गर्न,

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनो विमर्श प्रदान गर्न,

ङ) लैङ्गिक हिंसा पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्न अनुदान रकम प्रदान गर्ने,

च) पुनर्स्थापना गराउन,

छ) पीडित कालागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्ति, महामारीबाट प्रभावित व्यक्ति लाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(३) कोषको रकम नियम ४ को (१) र (२) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए ता पनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

<u>५.सञ्चालक समिति गठनः-</u> (१) कोषको सञ्चालन, व्यवस्थापन तथा राहत वितरण गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| क) नगरपालिकाको उपप्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ) कानुन शाखा प्रमुख | सदस्य |
| ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च) इलाका प्रहरी प्रमुख | सदस्य |

छ) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

(३) सञ्चालक समितिको सचिवालय नगरपालिकाको महिला तथा बालबालिका शाखा रहनेछ ।

(४) आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला महानुभावहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

<u>६.सञ्चालक समितिको काम कर्तव्य र अधिकारः-</u> (१) सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको तत्काल उद्धार, पुनर्स्थापना, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने ।

ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु ।

ग) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाका अभिलेख राख्ने ।

घ) सीपमूलक तालिम प्राप्त पीडितलाई बीउ पुँजी ( सिड मनि) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने ।

ङ) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।

च) तत्काल उद्धार तथा राहत समितिको रूपमा कार्य गर्ने ।

छ) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

८. <u>राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकमको हद र आधारः</u> (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइने छः-

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुट रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारीसाधन प्रयोग गर्दा लाग्ने



गौरीगङ्गा राजपत्र

भाडा रकम खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ ,अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्न परेमा बढीमा ५ दिनको बास खर्च बापत प्रति दिन पाँच सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ,

ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि बिउँ पुंजीको रूपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बिस हजार रुपैयाँ,

ङ) पुनर्स्थापनाका लागि बढीमा पाँच हजार रुपैयाँ,

च) सञ्चालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

छ) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पच्चीस हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम।

९. <u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः</u> (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२)उपनियम१) बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम (९) को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

<u>१०. थप रकम निकासा माग गर्न सक्नेः</u> (१) नगर कार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सो को कारण खुलाई नगरपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम थप रकम माग भई आएमा नगर कार्यपालिकाले कार्यालयको आवश्यकता र औचित्य हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।



गौरीगङ्गा राजपत्र

<u>११. छुट्टै खाता खोल्नुपर्नेः</u> (१) कार्यालयले कार्यपालिकाबाट प्राप्त भएका रकम कार्यालयको नाममा कुनै बैङ्क छुट्टै खाता खोली जमा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

<u>१२. कोषको लेखा र लेखा परीक्षणः</u> (१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

<u>१३. कोषको रकम फ्रिज नहुनेः</u> यो कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

<u>१४. प्रतिवेदन पेस गर्नेः</u> (१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका कामकारबाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन स्थानीय तहको कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

<u>१५. बैठक भत्ताः</u> सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

<u>१६. निर्देशन दिन सक्नेः</u> (१) नगर कार्यपालिकाले सञ्चालक समितिका कामकारबाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

<u>१७. सञ्चालक समितिको बैठक र निर्णयः</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य सचिवले बैठकमा छलफल हुन कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) सञ्चालक समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता यस समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्ष वा उपाध्यक्षको पनि अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी ,पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिका सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. बचाउ तथा खारेजः (१)कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

गौरीगंगा राजपत्र

अनुसूची

(नियम १० सँग सम्बन्धित)

विषयः सहयोग उपलब्ध गराइ पाउँ।

श्री अध्यक्ष ज्यू

स्थानीय तत्काल उद्धार तथा राहत समिति.......................

म ..........................मा बस्ने वर्ष................को .........................मिति.....................मा लैङ्गिक हिंसा बाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ ।म उपर लैङ्गिक हिंसा (.................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक/अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ..............................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन यो निवेदन पेस गरेको छु ।

निवेदकको:-

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

**आज्ञाले**

**खगेन्द्र राज जोशी**

**प्रमुख प्रशासकिय अधिकृत**

गौरीगङ्गा राजपत्र